# छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-०८१/०८२
चलानी नं :- ४९

मिति :-२०८१/०४/१६

---

**बिषय :- आ.व.२०८१/०८२ मा भत्ता प्राप्त गर्न सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,
छिन्नमस्ता गा.पा.को कार्यालय, छिन्नमस्ता, सप्तरी ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल भाद्र मसान्त भित्र बायोमेट्रिक मार्फत नाम नविकरण गर्नु पर्ने भएको हुँदा सम्बन्धित लाभग्राहीहरु सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई तपसिल बमोजिमको कागजात सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न गराउन हुन जानकारी गराईन्छ । तोकिएको समयमा नविकरण नगराएको खण्डमा सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित हुने भएकोले तोकिएकै समयमा नविकरण गराउनु हुन व्यहोरा अनुरोध छ ।

**तपसिल:**

| सि.नं. | वर्ग समुह | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | (१) अन्य जेष्ठ नागरिकको ६८ वर्ष माथि<br>(२) जेष्ठ नागरिक दलितको ६० वर्ष माथि<br>(३) एकल महिला ६० वर्ष माथिको<br>(४) विधवाको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर ।<br>➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान १ ।<br>➢ पासपोर्ट साईजको फोटो २ प्रति ।<br>➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी १ प्रति ।<br>➢ पतिको मृत्यु दर्ताको प्रतिलिपी १ प्रति । (विधवा र एकल महिलाको हकमा)<br>➢ अर्को विवाह नगरेको सिफारिस । (विधवा र एकल महिलाको हकमा) |
| २ | (१) पुर्ण अपाङ्गता (क) वर्गको<br>(२) अति अशक्त अपाङ्गता (ख) वर्ग<br>(३) क्षेत्रतोकिएका वालवालिकाको<br>(४) दलित वालवालिकाको हकमा | ➢ जन्म दर्ता र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान १ प्रति ।<br>➢ पासपोर्ट साईजको फोटो २ प्रति ।<br>➢ गा.पा. जारी भएका अपाङ्गता प्रमाणपत्रको प्रतिलिपी १ प्रति<br>➢ संरक्षकको नागरिकताको प्रतिलिपी र फोटो १/१ प्रती<br>➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी १ प्रति ।<br>➢ संरक्षक वा १६ वर्ष माथिका हकमा राष्ट्रिय परिचयपत्र नम्बर । |

०८१/०४/१६

२०८१/०४/१६
उज्वल आनन्द
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
१.श्री मान् गा.पा.अध्यक्ष/उपाध्यक्ष ज्यू, छिन्नमस्ता गा.पा.को कार्यालय, छिन्नमस्ता, सप्तरी । (जानकारीको लागि अनुरोध छ)
२.श्री सूचना प्रविधि शाखा, छिन्नमस्ता गा.पा.को कार्यालय, सप्तरी । (वेब साइट तथा फेसबुक पेजमा अप्लोड गर्न हुन अनुरोध छ)



CamScanner